मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २९ ◆ अङ्क : १३६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० चैत २० गते मंगलवार (Tuesday, 2 April. 2024) नेपाल सम्वत् ११४४ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भा.रु. : ४/-

**बालमैत्री वातावरण बनाऔं**

**बालबालिकालाई :**

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं ।
- खाने तरिका र अनावश्यक वस्तुहरु डस्बिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवम् जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं ।
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपपलब्ध गराऔं
- बालबालिकाले प्रयोग गर्ने साममानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## विदेश पठाइदिन्छु भन्दै ठगी

**झापा, चैत १९।** बेरोजगार युवायुवतीहरूलाई वैदेशिक रोजगारीमा पठाउने भनी आकर्षक तलबको प्रलोभनमा पारी ठगी गरेको आरोपमा एकजना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा सोलुखुम्बूको दूधकोशी गाउँपालिका-४ घर भई हाल काठमाडौंको बूढानीलकण्ठ-११ कपन बस्ने वर्ष ३४को सन्तोष गुरुङ रहेका छन् । पीडितहरूबाट रकम लिए पश्चात विदेश नपठाई उनी सम्पर्कविहीन भएपछि पीडितहरूले प्रहरीमा जाहेरी दिएका थिए । गुरुङलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कपन कृष्ण मन्दिरबाट चैत १८ गते पक्राउ गरेको हो ।

उनीमाथि थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको प्रहरीले जनाएको छ । छवि माया मगर समेत १० जनालाई मकाउ पठाउने भन्दै गुरुङले २० लाख ८५ हजार रुपैयाँ लिएको प्रहरीको आरोप छ ।

**लेखापाल निरौलाविरुद्ध भ्रष्टाचार मुद्दा दायर**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वैदेशिक रोजगार विभाग, ताहाचल काठमाडौँमा कार्यरत लेखापाल प्रमोद निरौलाविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दा दायर गरेको छ ।

लेखापाल निरौलाले धरौटी रकम फिर्ता गर्ने क्रममा सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टङ्गालबाट खटिइ गएको टोलीले निज लेखापाल निरौलालाई सेवाग्राहीबाट रु. १५ हजार घुस/रिसवत लिइसकेको अवस्थामा नियन्त्रणमा लिइएको प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए ।


*(बाँकी अन्तिम पृष्ठमा)*

## बाँझोपनको समस्या बढ्दै

**दमक, चैत १९।** बाँझोपना अर्थात् निःसन्तानको समस्या पछिल्लो समय बढिरहेको यसका विज्ञ चिकित्सक तथा जानकारहरुले औँल्याएका छन् ।

जीवनशैलीमा आएको परिवर्तन, विवाह ढिलो गर्नु, वैदेशिक रोजगारका कारण दम्पतीबीच पर्याप्त सम्भोगको अभाव र कतिपय दम्पत्तीको स्वास्थ्यका कारण निःसन्तानको समस्या देखिएको चिकित्सकहरुको भनाइ छ । दमकमा विगत १६ वर्षदेखि महिलाको प्रसूति सेवा दिँदै आएको ॐ मेची अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. शङ्करप्रसाद हुजदार निःसन्तान हुने समस्या बढेको बताउँछन् । उनका अनुसार सरदर १० देखि १४ प्रतिशत जोडीमा निःसन्तानको समस्या देखिने गरेको छ । तीमध्ये करिब सात प्रतिशतमा भने निःसन्तानको समस्या अर्थात् बाँझोपनाका कारण नै पत्ता लाग्न नसकिरहेको पनि हुजदारले सुनाए ।

उनले स्वास्थ्यका दृष्टिकोणबाट सबै ठिकठाक हुँदाहुँदै पनि सन्तान नहुने समस्या देखिएको र त्यसका कारण यही नै हो भन्ने यकीन अझै नहुन नसकेको बताउनुहुन्छ । यो अलि अप्ठ्यारो विषय पनि भएको बताउँदै उनले भने- दम्पतीमा निःसन्तान हुने समस्या नेपाली समाजमा बढेको छ, यसमा हाम्रो ध्यान



पुग्न सकेको छैन । ॐ मेची अस्पताल प्रसूति सेवामात्र उपलब्ध गराउँदै आएको जिल्लाकै एक पुरानो स्वास्थ्य संस्था हो । सो अस्पतालमा डा हुजदारसहित अर्का स्त्रीरोग विशेषज्ञ डा. निरञ्जनसिंह बोगटीसहितका ६ जना भन्दा बढी चिकित्सकको टोली संलग्न छ । सो अस्पतालले मासिक पाँच सय संख्यामा प्रसूति सेवा दिँदै आएको अस्पतालका अध्यक्षसमेत रहेका डा. बोगटी बताउँछन् । उनका अनुसार परीक्षणमा आएका करिब १५ प्रतिशत जतिमा दम्पतीमा बाँझोपनाको समस्या देखिएको छ ।

जीवनशैलीमा आएको परिवर्तन, पत्रुखानाको सेवन, मदिरापान, सूर्तीजन्य पदार्थको सेवन र असुरक्षित यौनसम्पर्कका कारण पनि महिला तथा पुरुषमा बाँझोपनाको समस्या देखिएको बताए । किशोर अवस्थामै प्रेमीप्रेमिकाबीच असुरक्षित यौनसम्पर्कका कारण पटक-पटक गर्भ तुहाउने, यौन रोगलगायतका स्वास्थ्य समस्याले पनि बाँझोपना देखिएको उनको भनाइ छ । उनले सन्तान जन्माउने उमेरमा बिहे नगर्ने चलन बढ्दै जानु र उमेर ढल्किँदा बिहे गर्ने कारणले पनि दम्पतीबीच बाँझोपनाले निःसन्तानको समस्या आएको हुनसक्ने बताए ।

निःसन्तानको समस्या न्यूनीकरण गर्न बाँझोपनाको समस्या झेल्दै आएका अभिभावकले स्वास्थ्य उपचारमा जोड दिनुपर्ने उनी बताउँछन् । निःसन्तान हुन कसैको दोष नभएर आफ्नै समस्याका कारण यस्तो समस्या हुँदै आएको भए पनि अब भने निःसन्तान हुनु नपर्ने तथा स्वास्थ्य उपचारका वैकल्पिक उपाय अवलम्बन गर्न सकिने उनको भनाइ छ ।

**निःसन्तानका लागि शिविर**

दमकको ॐ मेची अस्पतालले निःसन्तान दम्पतीका लागि लक्षित गरी बर्षेनि निःशुल्क स्वास्थ्य परामर्श शिविर सञ्चालन गरिआएको छ । भारतको शिलगढीस्थित न्यूलाइफ फर्टीलिटी सेन्टरको प्राविधिक सहयोगमा अस्पतालले विगतका वर्षझैं यस वर्ष पनि यही चैत ३०मा एक दिने परामर्श शिविर सञ्चालनको तयारी गरिरहेको अस्पतालले जनाएको छ ।

*(बाँकी अन्तिम पृष्ठमा)*

## पाँच जनालाई विशे नगर्ची राष्ट्रिय सम्मान




**बिर्तामोड, चैत १९।** सामाजिक अभियन्ता तथा सहकारीकर्मी महेन्द्रकुमार गिरीसहित गोर्खा फाउण्डेशनले पाँच जनालाई विशे नगर्ची राष्ट्रिय व्यक्तित्व सम्मान २०८० प्रदान गर्ने भएको छ ।

फाउण्डेशनले प्रथमपटक कार्यक्रमको आयोजना गर्दै गिरीसहित पाँच व्यक्तिलाई सम्मान प्रदान गर्न लागेको सोमबार बिर्तामोडमा पत्रकार सम्मेलनको आयोजना गरी जानकारी दिइयो । सम्मानित हुनेहरुमा वरिष्ठ चलचित्र निर्देशक तुलसी घिमिरे, महानायक राजेश हमाल, पूर्वप्रमुख जिल्ला अधिकारी सीता परियार र भूवनसिंह विश्वकर्मा रहेका छन् । विश्वकर्मा अन्टाटिक महादेश पुग्ने पहिलो नेपाली रहेको समेत पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

नगद ५१ हजार पुरस्कार राशिसहित बिर्तामोडमा आयोजित समारोहकाबीच विशे नगर्ची राष्ट्रिय व्यक्तित्व सम्मान २०८० प्रदान गर्ने बताइएको छ । चैत्र २१ गते राष्ट्रियसभा सदस्य गोपालकुमार बस्नेतको प्रमुख आतिथ्यमा सम्मान प्रदान गरिने गोर्खा फाउण्डेशनका अध्यक्ष वीर दर्नालले पत्रकार सम्मेलनमा जानकारी दिए ।

नेपाल राष्ट्र निर्माता पृथ्वीनारायण शाहका आर्थिक सल्लाहकार भनिएका तत्कालीन गोर्खा दरवारमा दरवारीया तथा राजपरिवारको भोटो सिलाउने तथा दरवारमा नगरा बजाउने विश्वेश्वर नौबाग अर्थात विशे नगर्चीको योगदानलाई स्मरण गर्दै नयाँ पुस्तामा उनको सत्कर्मको पुनःस्थापित गराउने उद्देश्यले राष्ट्रिय व्यक्तित्वलाई सम्मान गर्न लागिएको पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

तत्कालीन गोरखा राज्यलाई विस्तार गरी वृहत्तर नेपाल बनाउन पृथ्वीनारायण शाहले चालेको अभियानमा नगर्चीले आर्थिक सहयोग जुटाउन महत्वपूर्ण भूमिका खेलेको स्मरण गर्दै राजालाई आफूसँग भएको एक रुपैयाँको ढ्याक समर्पण गरी गोरखाका १२ हजार घर धुरीबाट एक/एक रुपैयाँ रकम संकलन गर्दै तत्कालीन अवस्थामा १२ हजार रुपैयाँ आर्थिक संकलन गर्दै नेपाल एकीकरणको अभियानमा पुऱ्याएको योगदानको समेत अध्यक्ष दर्नालले स्मरण गराए ।

**सम्मानित व्यक्तित्वको योगदान**

महेन्द्रकुमार गिरी, ३४ जनालाई एकीकृत गर्दै शुरु गरिएको सहारा नेपाल अहिले नेपालकै ठूलो र धेरै शेयर सदस्य भएको सहकारीको रुपमा स्थापित छ । त्यसैका प्रमुख कार्यकारी हुन् महेन्द्रकुमार गिरी । सहारा नेपाललाई नेपालकै ठूलो सहकारी बनाउन गिरीको योगदान महत्वपूर्ण रहेको र झापामा उत्कृष्ट नागरिक सम्मानबाट समेत सम्मानित व्यक्तित्वका रुपमा परिचित भएका गिरीलाई विशे नगर्ची राष्ट्रिय व्यक्तित्व सम्मान प्रदान गर्न लागिएको हो । गिरी सहकारीका अलावा समर्पण भवनको निर्माण, एकका लागि एक अभियान, सडक दुर्घटना न्यूनीकरण महाअभियान, कोभिडको समयमा पीसीआर ल्याबको स्थापना, अक्सिजन शिलिण्डरको व्यवस्थापन, झापा गोल्डकपको अध्यक्ष जस्ता दर्जनौं संस्थामा अब्बल नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका व्यक्ति भएको अध्यक्ष दर्नालले बताए ।

**भूवनसिंह विश्वकर्मा**

रुपन्देही जिल्ला बुटवल निवासी

*(बाँकी अन्तिम पृष्ठमा)*

## २८.९%ले बढे विदेशी पर्यटक



**काठमाडौँ, चैत १९।** यस वर्षको मार्चमा नेपाल भित्रिने विदेशी पर्यटक २८ दशमलव नौ प्रतिशतले बढेका छन् । नेपाल पर्यटक बोर्डका अनुसार गत वर्षको मार्च महिनाको तुलनामा यस वर्षको मार्चमा नेपाल भित्रने विदेशी पर्यटकको संख्या २८ हजार सात सय ४१ले वृद्धि भएको हो ।

गत वर्षको मार्चमा कूल ९९ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएकोमा यस वर्षको सोही अवधिमा एक लाख २८ हजार एक सय ६७ पर्यटक नेपाल आएका छन् । मार्चमा सबैभन्दा बढी भारतीय पर्यटक आएका छन् । भारतबाट सो अवधिमा ३० हजार छ सय ९८ पर्यटक नेपाल आएका छन् । चिनियाँ पर्यटकको संख्या भने १२ हजार

*(बाँकी अन्तिम पृष्ठमा)*

## कोशीः मुख्यमन्त्रीमा राईको दावी

**विराटनगर, चैत १९।** एकीकृत समाजवादी कोशी प्रदेश संसदीय दलका नेता राजेन्द्र राईले मुख्यमन्त्री केदार कार्कीलाई संसदहरुले दिएको समर्थन फिर्ता लिएपछि नयाँ सरकार गठनको बाटो खुल्ने बताएका छन् । उनले संसदहरुले प्रदेश प्रमुखको कार्यालयमा लाइन लागेर मुख्यमन्त्री केदार कार्कीलाई समर्थन गरेकाले पहिले त्यो समर्थन फिर्ता लिनुपर्ने बताए ।

सांसदहरूले समर्थन फिर्ता लिएपछि यो सरकार अल्पमतमा पर्छ । संविधानले अल्पमतको सरकार टिकिरहने कल्पना नगरेकाले यो सरकार परिवर्तन हुने दावी गरे । उनले सांसदहरूले मुख्यमन्त्री कार्कीलाई दिएको समर्थन फिर्ता लिएसँगै गठबन्धनले निर्णय गरेको मुख्यमन्त्रीलाई समर्थन गरेका सांसदहरूको



हस्ताक्षरसहित सभामुख र प्रदेश प्रमुखकोमा जानुपर्ने बताए । उनले भने- यसरी बहुमत सिद्ध गरेर सांसदहरू गएपछि प्रदेश प्रमुखले मुख्यमन्त्री नियुक्त गर्नुपर्ने राईले दाबी गरे । बहुमत सांसदहरूको हस्ताक्षर लिएर गएपछि प्रदेश प्रमुखले एक साताका लागि मुख्यमन्त्री केदार कार्कीलाई समय दिनुपर्ने र त्यो अवधिमा मुख्यमन्त्रीले की बहुमत सिद्ध गर्नुपर्ने या राजीनामा दिनुपर्ने बताए ।

उनले नयाँ सरकार पुनः संविधानको धारा १६८(५)अन्तर्गतै बन्ने दावी गरे । उनले अहिले सरकार परिवर्तनका विषयमा कानूनी जटिलता देखिएको भए पनि कुनै पनि सरकार अल्पमतमा परेपछि नटिक्ने उनको दावी छ । मुख्यमन्त्री केदार कार्की अदालत जानु होला तर उहाँ अल्पमतमा परेपछि अदालतले उहाँलाई मुख्यमन्त्री बनाउँदैन यो मेरो विश्वास हो । अहिले केन्द्रबाट कुनै निर्देशन नआएकाले सरकार परिवर्तनका विषयमा ठोस् कदम नचालेको राईले बताए । अहिले नै कोशी प्रदेशको मुख्यमन्त्री को भन्ने निर्णय केन्द्रमा भइसकेको छैन । निर्णय भएर

*(बाँकी अन्तिम पृष्ठमा)*

## इलाममा ‘अन्तु पर्यटन महोत्सव’

**इलाम, चैत १९।** स्थानीय उत्पादन र मौलिक संस्कृतिको प्रवर्द्धन गर्ने उद्देश्यले इलामको सूर्योदय नगरपालिका-४ स्थित श्रीअन्तुमा पर्यटन महोत्सव हुने भएको छ । नयाँ वर्षका अवसरमा यही चैत २८ गतेदेखि आगामी वैशाख १ सम्म ‘अन्तु पर्यटन महोत्सव-२०८१’ को आयोजना हुने भएको हो ।




हाम्रा रैथाने उत्पादन र मौलिक संस्कृतिको प्रदर्शन गरेर आगन्तुक पर्यटकलाई चिनाउने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको हो- उपप्रमुख एवम् महोत्सव मूल आयोजक समितिका संयोजक दुर्गाकुमार बरालले भने- कलाकारहरुको सांस्कृतिक प्रस्तुतिका साथै विभिन्न जातजातिका मौलिक नृत्य, झाँकी प्रदर्शन हुन्छन् । स्थानीय तथा मौलिक खाद्य परिकारसहित स्थानीय हस्तकलाको स्टल राख्नेछौं । महोत्सवमा यम बराल, भूपेन्द्र राई, पुजन प्रधान, गणेश पराजुली, यशोदा पराजुली, फुटी शेर्पा, रवि रिमाललगायत कलाकारको प्रस्तुति रहने आयोजकले जनाएको छ । लागूपदार्थ दुर्व्यसनी, मदिरा तथा सुर्तीजन्य वस्तुको नियमन, नियन्त्रण तथा व्यवस्थापनसम्बन्धी सन्देशमूलक सचेतना कार्यक्रम पनि गरिने बरालले बताए ।

युवाशक्ति लागूपदार्थको सेवन र दुर्व्यसनीमा फस्दै गएका छन् । मदिरा तथा सुर्तीजन्य वस्तुको नियमन र नियन्त्रणमा चुनौती थपिँदैछ- बरालले भने- यस्ता कुराको नियन्त्रण सन्देशमूलक सचेतनाबाट मात्र सम्भव छ । सचेतनामा लागि ऱ्याली आयोजना गर्नेछौं । महोत्सवको उद्देश्य स्थानीय कला, संस्कृति संरक्षण तथा प्रवर्द्धन गर्नुका साथै युवालाई कुलतमा फस्नबाट रोक्नु पनि हो । महोत्सवका अवसरमा ‘दोस्रो सूर्योदय आइडलको ग्रान्ड फिनाले’ समेत गरिने नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत मिलन भट्टराईले बताए । प्रतियोगितामा अन्तिम आठ प्रतियोगी हुनुहुन्छ- उनले भने- उहाँहरुको प्रस्तुति तथा विजेता घोषणा कार्यक्रम महोत्सवमै गर्नेछौं ।

चैत २८ गते बृहत् नगर सरसफाइ कार्यक्रम राखिएको भन्दै अन्तु परिसरलाई सुन्दर बनाउँदै पर्यटकको आकर्षक केन्द्रका रुपमा प्रवर्द्धन गरिने भट्टराईले बताए । चैत ३० गते सूर्योदय आइडलको प्रस्तुति, विभिन्न खाद्यपरिकारका स्टल, साँझमा दिपावली र डिजे सेसनका कार्यक्रम रहेका छन्- उनले भने ।

नयाँ वर्षको पहिलो दिन बिहानै पर्यटकलाई सूर्योदयको दृश्यावलोकन गराएर शुभकामना आदानप्रदान गर्नुका साथै कार्यक्रमको उद्घाटन गर्ने आयोजकको तयारी छ । स्टलहरु राखिएकै हुन्छन् । पर्यटकले अवलोकन तथा किनमेल गर्छन्, फोटो खिच्ने भिडियो बनाउने गर्छन् । सांस्कृतिक कार्यक्रममा सहभागी भएर यहाँको कला, संस्कृतिलाई नजिकबाट बुझ्नेछन्- नगरपालिकाका प्रवक्ता ख्यामबहादुर भुजेलले भने- समापनको दिन सूर्योदय आइडल विजेता घोषणा तथा पुरस्कार वितरण गर्नेछौं । कलाकारको प्रस्तुतिमा आगामी वैशाख १ गते अन्तु सङ्गीतमय बन्नेछ ।

महोत्सव आयोजना गर्न रू १० लाख खर्च हुने अनुमान आयोजकले गरेको छ । महोत्सव अधिभर करिब दश हजार पर्यटक भित्रिने अपेक्षा राखिएको प्रवक्ता भुजेलले बताए । शुक्रबार र शनिबार अन्तुमा पर्यटक संख्या अन्य दिनको तुलनामा बढी हुने गरेको छ ।

## केराखेतीबाट रोजगारी



**भद्रपुर, चैत १९।** झापाको गौरीगञ्ज-५मा केराखेती गरिरहेको श्री गणपति एग्रिकल्चर फार्म प्रालिले १० जना श्रमिकलाई नियमित रोजगारी दिइरहेको छ । उनीहरुले केरा लगाउने, गोडमेल तथा हेरचाह गर्ने, उत्पादन भएका केरा टिप्नेलगायत काम गरिरहेका छन् ।

केरा उत्पादन शुरु भएसँगै उक्त फार्ममा थप रोजगारी सिर्जना हुने फार्म सञ्चालक कमल थापाले बताए । उनका अनुसार ८० बिगाह जमिन भाडामा लिएर केराखेतीमा लगाइएको छ भने हालसम्म रू. दुई करोड खर्च भइसकेको छ । सञ्चालक थापाले भने- ९० हजार केराका बिरुवा लगाएका छौं । एउटा बिरुवाबाट अर्को बिरुवाको दूरी छ दशमलव पाँच फिट हुन्छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत ‘ब्लक विकास’ कार्यक्रममार्फत जिल्लास्थित

*(बाँकी अन्तिम पृष्ठमा)*

**फ्ल्याट भाडामा**

**बिर्तामोड बाल्मीकि स्कूल नजिकै फ्ल्याट भाडामा छ ।**

**सम्पर्क :- ९८४४६८५६०५, ९८२३७२६९७९**



झापामा मोवाइल तथा मल्टिमिडिया पत्रकारिता तालिम

# एआईले पत्रकारितामा चुनौतिसँगै अवसरको सृजना




**दमक, चैत १९।** मल्टिमिडियामा आधारित रहेर गरिने पत्रकारितामा एआई (आर्टीफिसियल इन्टिलिजेन्स) ले चुनौति थप्दै गएको बताइएको छ। नेपाल पत्रकार महासंघ झापाको आयोजना तथा गौरादह नगरपालिकाको सहकार्यमा झापाको कमल गाउँपालिकामा शुरु भएको 'मोवाइल (मोजो) तथा मल्टिमिडिया पत्रकारिता' सम्वन्धी दुई दिने तालिममा एआईको प्रयोगले चुनौतिसँगै केही अवसर समेत सृजना गरेको बताइएको छ।

नेपाल इन्भेस्टिगेटिभ मल्टिमिडिया जर्नालिज्म नेटवर्कका प्रधान सम्पादक रजनिश भण्डारी र प्राविधिक प्रमुख उज्ज्वल ज्योति शाक्यको सहजीकरणमा भइरहेको तालिमका बक्ताहरुले सो कुरा बताएका हुन्। पछिल्लो समय पत्रकारितामा आएका प्रविधि र एप्लिकेशनले पत्रकारिता र पत्रकारको तथ्याङ्क चोरी हुने जोखिमसँगै कार्यशैली समेत परिवर्तन हुँदा चुनौति थपिँदै गएको प्रमुख प्रशिक्षक भण्डारीले बताए।

कार्यक्रममा प्रमुख अतिथि गौरादह नगरपालिकाका प्रमुख छत्रपति सुवेदीले पत्रकार र पत्रकारिताको विकासमा स्थानीय सरकार सँधै तत्पर रहेको बताए। उनले पत्रकारले सरकारलाई सत्य तथ्यमा रहेर खबरदारी नगरे जनप्रतिनिधिलाई समेत सुधार गर्ने कार्यमा असहयोग हुने बताए। उनले स्थानीय सरकारका राम्रा कामले पनि तथ्यसहित मिडियामा उचित स्थान पाउनु गर्नेमा जोड दिए।

यस्तै कार्याक्रममा नगर उपप्रमुख जलबर्षा राजवंशीले स्थानीय जनप्रतिनिधिको चुनौति र समस्याप्रति पनि पत्रकारले मार्ग प्रसस्त हुने गरी आवाज उठाउनुपर्ने बताइन्। समाज विकासका लागि निर्वाचित भएका जनप्रतिनिधिलाई सचेत गर्ने तथा राम्रा अभ्यासबारे समेत आवाज उठाउनुपर्ने उनले बताइन्।

नेपाल पत्रकार महासंघ झापाका अध्यक्ष एकराज गिरीको अध्यक्षतामा भएको तालिम उद्घाटनमा कार्याक्रममा नेपाल पत्रकार महासंघ कोशी प्रदेश समितिका कोषाध्यक्ष विमल लामिछाने, प्रेस चौतारी नेपालका लेखा आयोग सदस्य विष्णुप्रसाद पोखरेल, प्रेस मञ्च नेपालका केन्द्रीय अध्यक्ष कमन देवान, प्रेस युनियन झापाका सभापति गिरीराज भट्टराई, फोनिज झापाकी अध्यक्ष भूमिका फियाक लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा अध्यक्ष गिरीले अबको पत्रकारिता प्रविधिमैत्री हुन नसके पत्रकारलाई चुनौति थपिँदै जाने बताए। उनले सरकार र दाताको सहयोगमा बिर्तामोडमा रहेको महासंघको कार्यालयलाई स्तरोन्नति गरी ईलाइब्रेरी र कम्पुटर ल्याव स्थापना गरिएकाले अब पत्रकारको दक्षता अभिबृद्धिमा सहज हुने बताए।

शाखाका उपाध्यक्ष केशव भट्टराईले स्वागत गरेकबो कार्याक्रममा मोवाइल र डिजिटल पत्रकारिताबारे प्रशिक्षण सञ्चालन भइरहेको छ। जिल्लाका ५० बढी पत्रकारको सहभागिता रहेको तालिम २० गते अभ्यास गर्दै समापन हुने शाखाका सचिव तथा कार्यक्रम संचालक डिकेश लामाले जानकारी दिए।

## शैक्षिक तथा खेलकुद सामग्री वितरण

**अर्जुनधारा, चैत १९।** अर्जुनधारा-७स्थित अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयका विद्यार्थीहरुलाई सोमबार एक कार्यक्रमकोबीच शैक्षिक तथा खेलकुद सामग्री वितरण गरिएको छ।

चालूआर्थिक वर्ष ०८०/०८१को स्वीकृत वडास्तरिय शैक्षिक गुणस्तर सुधार कार्यक्रम अन्तर्गत ७ नं. वडा कार्यालयले विद्यालयका ३५ जना विद्यार्थीलाई उक्त सामग्रीहरु वितरण गरेको वडाध्यक्ष गोविन्द खतिवडाले जानकारी दिए। कक्षा-१देखि कक्षा-५सम्मका प्रत्येक विद्यार्थीलाई १ थान ब्याग, ६ थान कपि, १ सेट पेन्सिल र कक्षा-५देखि कक्षा-९सम्मका प्रत्येक विद्यार्थीलाई १ थान ब्याग, ७ थान कपी, १ सेट डटपेन वितरण गरिएको वडा सचिव सस्मिता लुंइटेलले जानकारी दिए।

त्यसैगरी सोही कार्यक्रम अन्तर्गत कार्यालयले विद्यालयलाई तीन थान वर्णमाला र खेलकुद सामग्री अन्तर्गत २ थान फुटबल, २ थान भलिबल र ५ थान स्कीपीङ रोप उपलब्ध गराएको छ। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कमल गुरागाईंको अध्यक्षतामा आयोजित कार्यक्रममा प्रमुख अतिथि अर्जुनधारा नगर कार्यपालिका सदस्य एवम् सामाजिक विकास समितिका संयोजक कौशिलाल परियार भोला, वडा सदस्यहरु जानुका विश्वकर्मा, देवकुमार राई, पार्वतादेवी न्यौपाने र हरिबहादुर कटुवाललगायतले विद्यार्थीलाई उक्त सामग्री हस्तान्तरण गरेका थिए।

वडाध्यक्ष खतिवडाले कार्यक्रमको औचित्यमाथि प्रकाश पारेको उक्त कार्यक्रमको सञ्चालन विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद भट्टराईले गरेका थिए। कार्यालयले यसअघि सोही कार्यक्रम अन्तर्गत स्थानीय अरुणोदय आधारभूत विद्यालयका विद्यार्थीहरुलाई पनि शैक्षिक तथा विद्यालयलाई खेलकुद सामग्री वितरण गरेको थियो।

# ट्याक्टर चोरी गरेर भारत लैजाँदै गर्दा ...

**झापा, चैत १९।** झापाको गौरिगञ्जमा ट्याक्टर चोरी भएको छ। ट्याक्टर चोरी गरेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ।

गौरिगञ्ज गाउँपालिका-१मा आइतबार बिहान स्थानीय होम थपलियाले आफ्नै घर अगाडि पार्किङ गरी राखेको मे १ त ७७६५ नम्बरको ट्याक्टर चोरी भएको थियो। चोरी भएको ट्याक्टर खोजतलासमा खटिएको प्रहरी चौकी कुञ्जीवारीको टोलीले गौरादह नगरपालिका-९का ३५ वर्षीय सुनिल टुडुले भारततर्फ लाँदै गरेको अवस्थामा ट्याक्टर नियन्त्रणमा लिएको थियो। ट्याक्टर चोरी गर्ने टुडूलाई नियन्त्रणमा लिएर घटनाको बारेमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ।

## दुर्घटनामा न्यौपानेको मृत्यु

**झापा, चैत १९।** मोटरसाइल दुर्घटनामा परी बुद्धशान्ति-५का ४३ वर्षीय गोविन्द न्यौपाने मृत्यु भएको छ।

१२ दिनअघि मोटरसाइकल दुर्घटनामा परी घाइते भएका न्यौपानेको उपचारका क्रममा मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ। गत चैत ६ गते राति बुद्धशान्ति-५ खारखोलास्थित मदन भण्डारी राजमार्गमा प्र १-०१-०१६प ३५२१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटना भएको थियो। दुर्घटना लगत्तै उनलाई उपचारका लागि बीएण्डसी अस्पतालमा भर्ना गरिएको थियो। त्यहाँबाट उनलाई गत चैत १७ गते प्रादेशिक अस्पताल भद्रपुर लगिएको थियो।

### २८.९ प्रतिशत ...

९३ छ। बोर्डका अनुसार सो अवधिमा अमेरिकाबाट १० हजार सात सय ७३ र बेलायतबाट सात हजार दुई सय ४१ जना, श्रीलङ्काबाट पाँच हजार सात सय ४१, जर्मनीबाट पाँच हजार दुई सय ५५, थाइल्याण्डबाट चार हजार तीन सय ४५, फ्रान्सबाट तीन हजार दुई सय ४० र म्यानमारबाट तीन हजार एक सय ३१ जना विदेशी पर्यटक नेपाल आएका छन्।

क्षेत्रीय हिसाबले हेर्दा एशिया (सार्क)बाट ४० हजार सात सय २७, एसिया (अन्य)बाट २८ हजार छ सय ४८, यूरोपबाट २७ हजार पाँच सय ८२, ओसनियाबाट चार हजार सात सय ८० र क्यानडा र अमेरिकाबाट १२ हजार छ सय १४ जना पर्यटक नेपाल आएका छन्।

यस वर्षको जनवरीमा ७९ हजार एक सय र फेब्रुअरीमा ९७ हजार चार सय २६ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। सन् २०२३को पहिलो तीन महिनामा दुई लाख २७ हजार सात सय ५५ जना विदेशी पर्यटक नेपाल भित्रिएकोमो सन् २०२४ को पहिलो तीन महिनामा तीन लाख चार हजार छ सय ९३ जना विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन ३३ दशमलव ७८ प्रतिशतले बढी हो।

## स्रोत नखुलेको २७ लाख बोक्दा...

**काठमाडौ, चैत १९।** सर्लाही मलंगवा नगरपालिका-९बाट स्रोत नखुलेको रकम २७ लाख ७५ हजार ९७० रूपैयाँसहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा सोही नगरपालिका-३ बस्ने २४ वर्षीय कमर राजा र ४० वर्षीय आरिफ अंसारी रहेका छन्। विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय सर्लाहीबाट खटिएको प्रहरीले कमर राजालाई मलंगवा नगरपालिका-९ स्थित सडकबाट नगद १० लाख रूपैयाँ तथा ९ लाख ९० हजार रूपैयाँ जम्मा गर्ने २ थान भौचरसहित र थप अनुसन्धानको क्रममा आरिफ अन्सारीलाई सोही नगरपालिका-९ स्थित उनको फोन सिटी मोबाइल पसलमा लुकाई राखेको १७ लाख ७५ हजार ९ सय ७० रूपैयाँसहित पक्राउ गरेको हो।

### विदेश ...

उनका अनुसार उक्त घुस रकमको अनुसन्धानको सिलसिलामा निजले सेवा ग्राहीसँग घुस/रिसवत माग गरी लिएको पुष्टि भएको हुँदा निज प्रमोद निरौलाको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ अन्तर्गतको कसुर भएकाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रु. १५ हजार कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) बमोजिम कैद गरी सोही ऐनको दफा ३ को उपदफा (१) अनुसार बिगो बमोजिम जरिवाना हुन माग दाबी लिई आज विशेष अदालत, काठमाडौँमा आरोपपत्र दायर गरिएको हो।

### केराखेतीबाट ..

कृषि ज्ञान केन्द्रले फार्मलाई प्राविधिक सहयोग गरिरहेको छ। केन्द्रका प्राविधिक अञ्जु आचार्यका अनुसार केन्द्र र फार्मको ५०/५० प्रतिशत लगानीमा प्रविधिक सामग्री सहयोग गर्ने सम्झौता भएअनुसार काम गरिएको बताए। उनका अनुसार पम्पसेट, पाइप मोटर्स, प्राङ्गारिक मललगायतमा दुवै पक्षको रू. ३० लाख नौ हजार सात सय खर्च भएको छ।

फार्मले खानासहित दैनिक रू. पाँच सय ज्याला दिन्छ। घर नजिकै रोजगारी पाएका छौं। रोजगारीका लागि अरु देश जानु परेको छैन। यो हाम्रा लागि खुसीको कुरो हो- फार्मका कामदार एकबार मियाँले भने। फार्मका अध्यक्ष वासु उप्रेतीका अनुसार सरकारले केरा उत्पादन भएसँगै बजारीकरण तथा प्रविधिक सहयोग गरेमा पहिलो वर्ष नै लगानी उठाउन सकिने बताए। लगानी उठेपछि खेती विस्तार गर्दै लैजाने योजना पनि रहेको उनको भनाइ छ।


## प्रदीपसँग 'एक्लो'बाट डेब्यू गर्दै कविता

प्रदीप शाहीको निर्देशनमा बन्न लागेको फिल्म 'एक्लो'मा मुख्य कलाकारको 'लाइनअप' पूरा भएको छ।

अभिनेता प्रदीप खड्का र अभिनेत्री बेनिशा हमालको जोडी बाँधिन लागेको फिल्ममा अभिनेता विजय लामा अघिल्लो साता अनुबन्ध भएका थिए। अब सुनिल थापा, एवन राज उप्रेती र कविता नेपालीको प्रवेश भएको छ। अभिनेत्री दीया पुनको पनि विशेष भूमिकामा रहने जनाइएको छ।

कविताको यो डेब्यू फिल्म हुनेछ। एक सय हाराहारी म्यूजिक भिडियोमा काम गरिसकेकी उनी डान्स रियालिटी शो 'बुगी बुगी'को पहिलो संस्करणकी विजेता हुन्। यसअघि उनले फिल्म 'सायरा'बाट डेब्यू गर्ने निश्चित भएको थियो। तर, यो फिल्मै बनेन। उनले 'प्रेमगीत ३'का लागि अडिसन पनि दिएकी थिइन्। नृत्यमा पोख्त मानिएकी कविता अब 'एक्लो'बाट अभिनयको परीक्षा दिँदैछिन्।

निर्देशक शाहीकै लेखन रहेको फिल्ममा विनोद सुवेदी खत्री 'क्षितिज' कार्यकारी निर्मातामा छन्। शाई प्रडक्सन नेपालको निर्माणमा बन्न लागेको फिल्ममा ह्याम्स्याएर एकाउन्टेनले सहकार्य गरेको छ। यो फिल्ममा 'मिथिकल एलिमेन्ट्स' पनि रहने निर्देशक शाहीले जानकारी गराएका छन्। यसअघि उनले दुई फिचर फिल्म 'अन्तिम संस्कार' र 'गोर्खा : बिनिथ द ब्रेभरी'को निर्देशन गरेका छन्।



### कोशी ...

निर्देशन नआएकाले सरकार परिवर्तनका विषयमा छलफल गर्न जाँगर चलेको छैन। उनले भने, सरकार परिवर्तनका विषयमा ठोस कुरा न तल भएको छ न माथि नै कुनै निर्णय भएको छ।

उनले एमालेले मुख्यमन्त्री पाए जसरी छलफल अगाडि बढाएको भए पनि सरकार परिवर्तनका लागि गठबन्धन दलहरूभित्र ठोस काम भने शुरु नभएको बताए। उनले यो सरकार संविधानको धारा १६८(५) अन्तर्गत बनेकाले यो सरकारको बर्हिगमनका विषयमा संविधानमा स्पष्ट व्यवस्था नभएको बताए।

**मुख्यमन्त्रीमा दावी**

नेकपा एकीकृत समाजवादी कोशी प्रदेश संसदीय दलका नेता तथा पूर्व मुख्यमन्त्री राजेन्द्र राईले कोशी प्रदेशको मुख्यमन्त्री एमालेले दावी गर्न नहुने बताएका छन्। उनले अहिलेको परिस्थितिमा एमालेले पुर्‍याएकाले नैतिकताका आधारमा पनि एमालेले कोशी प्रदेशको नेतृत्व दाबी गर्न नहुने बताए। उनले भने- उहाँहरू (एमालेले) केदार कार्कीलाई मुख्यमन्त्रीमा केदार कार्कीलाई नियुक्तः गरेर कानूनी जटिलता उत्पन्न गराएको हो त्यसैले नैतिकताका आधारमा उहाँहरूले यसपटक मुख्यमन्त्री दावी गर्नुहुँदैन।

उनले कोशी प्रदेशको अबको मुख्यमन्त्रीमा आफ्नो दाबी रहने बताए। उनले भने- यो गठबन्धन पूर्ण तय सत्ता टिकाउनका लागि बनेको हो। सत्ताकै लागि गठबन्धन बनेको अवस्थामा हामीले चाहिँ किन छाड्ने ? उनले यस अघिको गठबन्धन संविधान मिचिएकाले संविधानको रक्षका लागि बनेको भन्दै यस पटकको गठबन्धन सत्ता टिकाउनका लागि बनेको दावी गरे। उनले सत्ता टिकाउनका लागि गठबन्धन भएकाले एकीकृत समाजवादीले मुख्यमन्त्रीको दावी गरेको बताए। उनले अन्य प्रदेशमा एकीकृत समाजवादीलाई मुख्यमन्त्री दिए, हामी दाबी गर्दैनौ। अन्यत्र नदिए यो प्रदेशको मुख्यमन्त्रीमा हाम्रो दावी रहन्छ।

### पाँच ...

भारतीय गोर्खा रेजिमेण्ट भुवनसिंह विश्वकर्मा भारतीय सेनाको टोलीबाट सन् १९८६ र १९९२मा मानवविहीन अन्टाटिका महादेश पुगेर पहिलो नेपाली नागरिकको इतिहास रच्न सफल साहसिक व्यक्तित्वका रुपमा परिचित व्यक्ति हुन्। साहसिक काम गरेर नेपाल र नेपालीको नाम विश्वमा चिनाउन सफल व्यक्तित्वका रुपमा विश्वकर्मालाई चिनिन्छ।

**सीता परियार**

नेपाली समाजमा उत्पीडन समुदाय अन्तर्गत रहेर त्यसमा पनि महिलाको सामाजिक, राजनीतिक तथा निजामित क्षेत्रमा उपस्थिति ज्याँदै न्यून छ। महिलाहरुले भोग्नुपरेका समस्यालाई निजामति सेवामा प्रवेश गरी इलाका प्रशासन कार्यालय काठमाडौंमा प्रमुखको रुपमा रहेर सीता परियारले समाज रुपान्तरणमा पुर्‍याएको योगदानको उच्च सम्मान गर्दै उनलाई राष्ट्रिय व्यक्तित्वको रुपमा सम्मान गर्न लागिएको हो।

**राजेश हमाल**

नेपाली चलचित्रको क्षेत्रमा विगत ३५ बर्षदेखि अनवरत रुपमा लागेर नेपाली चलचित्रलाई स्थापित गराउन राजेश हमालको भूमिका महत्वपूर्ण रहेको छ। चलचित्र क्षेत्र बाहेक समतामुलक समाज निर्माणका लागि उनले पुर्‍याएको योगदानको उच्च सम्मान गर्दै हमाललाई राष्ट्रिय व्यक्तित्वको रुपमा सम्मान गर्न लागिएको हो।

**तुलसी घिमिरे**

नेपाली कथानक चलचित्रका निर्देशकका रुपमा स्थापित तुलसी घिमिरेले समाज रुपान्तरणका लागि पुर्‍याएको योगदानको उच्च कदर गर्दै राष्ट्रिय व्यक्तित्वको रुपमा सम्मान गर्न लागिएको हो। नेपालमा बसेर नेपाली भाषामा उत्कृष्ट चलचित्रहरु निर्माण गर्दै दर्जनौं चलचित्रको लेखन, निर्देशन गर्दै समाज रुपान्तरणमा ठूलो योगदान पुर्‍याएको भन्दै छिमेकी मुलुक भारत निवासी निर्देशक घिमिरेलाई सम्मान गर्न लागिएको हो।

### बाँझोपन ...

अस्पतालका सञ्चालक डा हुजदारले न्यूलाइफ फर्टिलिटीका दक्ष चिकित्सकको प्राविधिक टोलीले निःसन्तान अभिभावकलाई लक्षित गरी परामर्श शिविर सञ्चालन गरिएको जानकारी दिए। न्यूलाइफ महिला तथा पुरुषमा हुने बाँझोपन स्वास्थ्य निदानका लागि भरपर्दो स्वास्थ्य संस्था मानिन्छ।

ॐ मेची अस्पतालमा यस किसिमको स्वास्थ्य शिविर यो तेस्रो हो। शिविरबाट यस क्षेत्रका निःसन्तान अभिभावकले आफ्नै ठाँउमा यस किसिमको विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउन शिविरको आयोजना गरिएको बताए। शिविरमा फर्टिलिटी सेन्टरका डा. प्रसेन्जीतकुमार रोय, डा. सेफली वंशल माधवलगायतका चिकित्सक संलग्न हुनेछन्।

## मोटरसाइकल हरायो

**यही मिति २०८० साल फागुन १४ गते अन्दाजी १४:०० बजेको समयमा बिर्तामोड -३ आदर्शनगर टोलमा पार्किङ गरी राखेको अवस्थामा कुबेरप्रसाद भट्टराईको नाममा दर्ता कायम रहेको नं. प्रदेश नं. १-०१-०१३ प ९९३९ नम्बरको बजाज कम्पनीको १२५ सीसी कालो रंगको पल्सर मोटरसाइकल च्यासिस नं. MD2364BY2MPK03464, इञ्जिन नं. DHYRMK78500 को मोटरसाइकल हराएको हुँदा भेट्नु हुने महानुभावले तलको ठेगानामा सम्पर्क गरिदिनु हुन अनुरोध छ।**

**नाम : कुबेरप्रसाद भट्टराई**
**ठेगाना : बिर्तामोड -३, झापा**
**सम्पर्क : ९८६२६८२०२२**

## श्री कालिका कृषि सहकारी संस्था लि.

फिदिम-७, रानीटार, पाँचथर

## ३५ दिने सूचना गरिएको सम्बन्धमा

**यस सहकारी संस्था लि. फिदिम- ७ रानीटार पाँचथरका ऋणी सदस्यहरुलाई पटक-पटक सूचना तथा जानकारी गराउँदा पनि अटेर गरी ऋण असुलीमा चासो नदेखाएकोले भाखा नघाएका निम्न धितो भएका तथा बिना धितोका सहकारी ऋणीहरुलाई यो सूचना जारी भएको ३५ दिनभित्र आफ्नो कर्जा चुक्ता गर्न यो सूचना जारी गरिएको छ। उक्त सूचनालाई अटेर गरी म्यादभित्र कर्जा चुक्ता नगरेमा संस्थाका नाममा धितो पास भएका ऋणीहरुको कानून अनुसार लिलाम बिक्री गरिने छ भने, बिना धितोका सदस्यहरुलाई प्रमाणको आधारमा नियम अनुसार कानूनी कार्यवाही समेत गरी ऋण असुल उपर गराइने जानकारी गरिन्छ।**

| ऋ.सं | ऋणिको नाम | बाबु | बाजे | ना.प्र.नं. | रकम |
|---|---|---|---|---|---|
| १. | देउकुमार नेम्वाङ्ग, फिदिम-८, पाँचथर | किर्तिमान नेम्वाङ्ग | भक्तरुप नेम्वाङ | १८२/४४७८ | ४,८१,९६५।- |
| २. | जितबहादुर राई, फिदिम-७ | नरबहादुर राई | अमरध्वज राई | - | ५३,०३०।- |
| ३. | सञ्जय तामाङ, फिदिम-७) | रामबहादुर तामाङ | धनबहादुर तामाङ | ०२१०१६/४१० | ४९,३५५।- |
| ४. | दुर्गामाया लिम्बू, (फिदिम-७) | यामबहादुर लिम्बू | पूर्णबहादुर लिम्बू | - | १,१९,२५५।- |
| ५. | सुस्त गुरुङ (फिदिम-८) | नरवीर गुरुङ | राईबहादुर गुरुङ | - | १,२४,४७०।- |
| ६. | भिमबहादुर गुरुङ (फिदिम-८) | टीकाराम गुरुङ | वीरबहादुर गुरुङ | - | ४९,०३५।- |
| ७. | तिलविक्रम लिम्बू (फिदिम-७) | निर्मल लिम्बू | मैतबहादुर लिम्बू | - | ७३,१९०।- |
| ८. | मनिष आचार्य (फिदिम-७) | नरपति आचार्य | लोकनाथ आचार्य | - | ६३,३५०।- |
| ९ | बिमला लिम्बू, फिदिम-७, पाँचथर | दमनन्द लिम्बू | लाखध्वज लिम्बू | ०२३०१७/३४७ | ७१,९२५।- |
| १० | प्रविन राई+ मिना राई फिदिम-८, पाँचथर | प्रसाद राई/ तिलधन राई | सोमबहादुर राई बाजे बाजे ससुरा | १६७०० | ७७,७३५।- ८२,०८५।- १,५९,८२०।- |
| ११ | मिमराज फेजङ लिम्बू+ लक्ष्मी मगर फेजङ (फिदिम-७) | भिमबहादुर लिम्बू भिमबहादुर लिम्बू (ससुरा) | हर्कबहादुर फेजङ हर्कबहादुर फेजङ (बाजेससुरा) | ०२३०१७/२९८ | २,१३,१३५।- ३२,४९०।- २,३५,६२५।- |
| १२ | अम्बर बहादुर नेम्वाङ्ग + शर्मिला लिम्बू फिदिम-७ | धनबहादुर नेम्वाङ धनबहादुर नेम्वाङ (ससुरा) | हर्कबहादुर लिम्बू हर्कबहादुर लिम्बू (बाजे ससुरा) | ६४५/१५५७ ०२३१७/१५५ | १,०४,१९५।- ८३,६२०।- |
| १३ | अर्पण लिम्बू+ शर्मिलादेवी लिम्बू (मिनादेवी), फिदिम-७ | बलबहादुर लिम्बू बलबहादुर लिम्बू (ससुरा) | शेरबहादुर लिम्बू बाजे बाजे ससुरा | - | १,११,६५०।- ७६,३८५।- १,८८,०३५।- |

**गुरुप्रसाद बाँस्कोटाः अध्यक्ष**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

## सम्पादकीय

# सहकारीका विकृति र विसङ्गति हटाउ

**हालै प्रकाशित समाचारहरूमा झापा जिल्लामा जनसङ्ख्याभन्दा सहकारी सदस्यको सङ्ख्या बढी पुगेको आँकडा सार्वजनिक भएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार झापाको जनसङ्ख्या नौ लाख ९४ हजार ९० रहेको छ भने सहकारी संस्थामा आबद्ध कुल संङ्ख्या १० लाख ४७ हजार रहेको जिल्ला सहकारी सङ्घ झापाको तथ्याङ्क रहेको छ । यो स्वभाविक किन पनि छ भने एक सदस्य एकभन्दा बढी सहकारी संस्थामा आबद्ध रहेका छन् । तर, किन एकभन्दा बढी सहकारीमा शेयर सदस्य हुन चाहन्छन् ? नेपालको संविधानमा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत उपलब्ध स्रोत र साधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि गर्ने सोच छ । सहकारीलाई तीन खम्बे आर्थिक आधारको महत्त्वपूर्ण पक्ष मानिएको छ । सहकारीका सिद्धान्तले सामुहिकता, समझदारी र सहकार्यमा जोड दिएको छ । तर, सहकारीका दर्जनौं उपलब्धि र फाइदाजनक कुरा भए पनि यो क्षेत्रमा विकृति र विसङ्गति यति झाँगिदो छ कि राज्यलाई नियमन गर्न पनि धौ–धौ परिरहेको छ ।**

**सहकारीमा समान हैसियतको सहकार्यले बनाएको संस्थागत उत्तरदायित्व र जिम्मेवारी हुनुपर्छ र हरेक सदस्यले पारदर्शी भई निष्ठापूर्ण गन्तव्य तय गर्नु कर्तव्य हो । आर्थिक विकासका लागि विश्वमा नै सहकारी अभियान महत्त्वपूर्ण मानिएको छ । व्यवसाय र उद्यमशीलताको सामूहिक प्रयत्न र प्राप्तिले नै विश्वमा सहकारीको गन्तव्यलाई उजागर गरेको छ । तर, नेपालमा सहकारी कतिपय मानिसको लुटीखाने भाँडो भएको छ भने धेरैले सहकारी संस्थालाई बैंकसँग तुलना गरेका छन् । मूलतः अहिले बचत तथा ऋण सहकारीका बदमासीबाट समस्या देखिएका छन् । निक्षेपकर्ताको निक्षेप फिर्ता नगर्ने, उचित धितो र नियमित आम्दानीको स्रोतको यकिन नभई बिना ऋण लगानी गर्ने, ऋणीले पनि ऋण र साँवालाई एकमुष्ट वा किस्ताको रूपमा फिर्ता नगर्ने, ढिलाढाला गर्ने, ऋण लिँदा व्यापार–व्यवसायमा लगानी गर्न नभई पुराण लगाउन, छोराछोरीको विवाह गर्न खर्च जुटाउन ऋण लगायतका विकृतिहरू निरन्तर बढिरहेका छन् ।**

**सहकारी ऐनको मर्म अनुरूप सहकार्य, स्वनियमन गरी स्वआर्जन गर्ने रणनीतिको मूल मर्ममा सहकारी अभियान अघि बढ्न आवश्यक छ । केही सहकारीमा देखिएका विकृतिले सहकारीको निष्ठामा आँच आयो । एक सदस्य दर्जनौं सहकारी संस्थाको सदस्य हुन नपाउने नियमलाई कडाइका साथ लागू गर्न आवश्यक छ । कम्तीमा पनि एकै प्रकारका सहकारीमा सदस्य हुन रोक लगाउनुपर्छ । उद्यमशीलता र व्यवसायमा सहकारीलाई परिचालित गर्न आवश्यक छ । सहकारीमा आर्थिक बदमासी गर्ने र अर्बौं रुपैयाँ हिनामिना गर्नेमाथि कारवाही हुनुपर्छ । सानो सेयर रकममा सहकारीमा सदस्यता बनाउने र ऋण प्रवाह गर्ने परिपाटी बन्द हुनुपर्छ । सहकारीको वित्तीय सूचना व्यवस्थापन प्रणालीमा ध्यान दिन आवश्यक छ । सेयर सदस्यको सहमति बिना जोखिमयुक्त क्षेत्रमा लगानी गर्न बन्द गर्नुपर्छ। सहकारी र सेयर सदस्यबीचमा गुटबन्दी, अपारदर्शिता र सीमित स्वार्थमा सहकारी दुरूपयोग काम रोकिनुपर्छ । सहकारीमा भएका बदमासीलाई समाधान गर्न राज्यले कठोर रणनीति तय गर्नैपर्छ । सहकारीको समस्या समाधान गर्न सर्वप्रथम तीनै तहका सरकारबीच आपसी समन्वयको खाँचो छ ।**

# मिर्गौलाको सुरक्षातर्फ बढ्दो जनचासो



**डा. प्रकाश बुढाथोकी**

मानव शरीरका विभिन्न अङ्गहरूमा विविध किसिमका रोगहरू देखा पर्ने गर्दछन् । तैपनि कतिपय अङ्गमा भएका रोगको सामान्य उपचार गर्दा राम्रो हुन्छ भने केही अङ्ग काटेर फ्याँक्दा र नक्कली राख्दा पनि मानिस स्वस्थ रही दैनिक कार्य गर्न सक्दछ, जटिल नबन्न सक्दछ तर मिर्गौला रोग भने बेग्लै किसिमको हुने गर्दछ । यसमा मिर्गौला बेकम्मा हुँदा कतिका लागि सम्पत्ति विनाशको ठूलो बाटो बन्ने गरेको छ भने सर्वसाधारणका लागि मृत्युको कारण बन्दै आएको छ । विश्व स्वास्थ्य सङ्गठनको आँकडा अनुसार विश्वमा हरेक १० जनामा एकजना व्यक्तिमा मिर्गौला सम्बन्धी कुनै न कुनै समस्या देखा पर्ने गरेको छ । नेपालमा भने हाल करिब १० हजारभन्दा बढी मिर्गौला रोगी रहेकामा १० प्रतिशतले मात्र उपचार पाउन सकेका छन् र पीडित हुनेको संख्या वार्षिक २५ सयदेखि तीन हजारका दरले बढ्दैछ ।

सामान्य अवस्थामा हाम्रो शरीरमा दुई वटा मिर्गौला ढाडको बीचमा मेरुदण्डको दुबैतिर मुठीजत्रो सिमीको गेडाको आकारमा रहेको एक सय ५० ग्रामको नभई नहुने उत्सृजक अङ्ग हो । हरेक मानिसमा दुई वटा मिर्गौला रहन्छन् । स्वस्थ अवस्थामा दुबै मिर्गौला क्रियाशील हुन्छन् । तर, दुई मध्ये एउटाले मात्र काम गर्दा पनि मानिस स्वस्थ रहन सक्छ । एउटा मिर्गौलामा करिब १३ लाख नेफ्रोन हुन्छन् । त्यसले पिसाब बनाउने क्षमता राख्दछ । ४० वर्ष नाघेपछि नेफ्रोनको संख्यामा वार्षिक एक प्रतिशतका दरले ह्रस हुन्छ, तर अन्य नेफ्रोनले कार्य वृद्धि गरी जीउबाट निकाल्नुपर्ने पानी, लवण र फोहोर त्यही मात्रामा र त्यही दरमा निकालिरहन्छन् । रोग वा उमेर तथा अन्य कारणले भएको नेफ्रोनको संख्याको कमी भने परिपूर्ति वा पुनःनयाँ नेफ्रोन बन्ने काम भने हुँदैन ।

मानिसको उमेर बढ्दै जाँदा मिर्गौलाको कार्य क्षमता पनि घट्दै गई स्वस्थ मानिस ९० वर्ष पुग्दा मिर्गौलाले क्षमताको ५० प्रतिशत जति मात्र काम गरे पनि स्वस्थ नै मानिन्छ । मुटुबाट निस्कासन भएको करिब २२ प्रतिशत रगत दुई मिर्गौला हुँदै सञ्चार हुने गर्दछ । अर्थात् प्रत्येक २४ घण्टामा एक सय ८० लिटरभन्दा बढी रगत मिर्गौलाको कार्य एकाइ नेफ्रोनको पहिलो भाग ग्लोमेरुलस हुँदै बग्दछ । यसमा १७८.५ लिटर भाग वा प्रोटिन बाहेक पानी र अन्य तत्त्वहरू नेफ्रोनको सूक्ष्म नली हुँदै वरिपरि फैलिएका कम चाप भएका रक्तनलीद्वारा सोसिएर फेरि शरीरमै जाने गर्दछ । यसै क्रममा युरिया, क्रेटिनिन, युरिक एसिड र अन्य विषालु तत्त्व अति कम मात्रामा सोसिने भएकाले ठूलो मात्रामा पिसाव भएर शरीर बाहिर निस्कन्छन् ।

हामीले खाएको खानेकुराबाट शरीरले चाहिएको कुरा अवशोषित गरी बाँकी रहेका अनावश्यक पदार्थहरू रगतमा रहन्छन् । शरीरमा उत्पादित विकारयुक्त पदार्थ भएको उक्त रगतलाई छानेर रगत सफा गर्ने र तिनलाई पिसावको रुपमा मुत्रथैलीमा पठाई पिसाव मार्फत बाहिर फ्याँक्ने प्रमुख काम मिर्गौलाको हो । शरीरमा अनावश्यक नून, पानी, पोटासियम, क्याल्सियम र अन्य आयनलाई थुप्रिन नदिई सन्तुलनमा राख्दछ । अम्ल र क्षारको मात्रा नियन्त्रण गर्दछ । प्रोटिनबाट बन्ने सल्फ्युरिक र फोस्फोरिक एसिड निस्कासन गर्ने अङ्ग एकमात्र मिर्गौला हो । रगतको रातो रक्तकोष बनाउने हर्मोन एरिथ्रोपोइटीन ९० प्रतिशत मिर्गौला र १० प्रतिशत कलेजोले बनाउँछ । मिर्गौलाले भिटामिन डीको सक्रिय रुप क्याल्सिट्रोल बनाउँछ र क्याल्सियम तथा फोस्फेटको नियन्त्रण गर्दछ । आन्द्रामा क्याल्सियम संयोजन प्रोटिन बनाई क्याल्सियमको खपत बढाउँछ । लामो उपवासमा बसेको बेला एमिनोएसिडबाट चिनी बनाउने, रक्तचाप सन्तुलित राख्ने पनि गर्दछ ।

**मिर्गौला किन बिग्रन्छ ?**

मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतभन्दा बढी घट्न थालेपछि मात्र स्वास्थ्य समस्या पैदा हुन थाल्छ । मिर्गौला सम्बन्धी रोगहरू नेफ्राइटिसको उपचार नगरेको वा उपचार सफल नभएको, उच्च रक्तचाप, मधुमेह, पिसावको सङ्क्रमण, मिर्गौला पिसावको नली र थैलीमा हुने पत्थरी जस्ता रोगहरूबाट लामो समयदेखि पीडित भएको तथा जथाभावी मकै, भटमास खाए जस्तै एण्टीबायोटिक र पेनकिलर औषधि सेवन गरेको व्यक्तिको मिर्गौला उमेर नपुग्दै बिग्रने सम्भावना रहन्छ । त्यसैगरी जन्मदै मिर्गौलामा पानीका फोका भएको तथा उक्त फोकाहरूको संख्या र आकार बढ्दै गए खराबी शुरु भएको वयस्क अवस्थामा नै थाहा हुन सक्छ । अन्य कारणमा वंशानुगत, मोटोपना, धुम्रपान, ५० वर्ष नाघेका व्यक्ति तथा सङ्क्रमणहरू पर्दछन् ।

**लक्षण कस्तो हुन्छ ?**

कुनै लक्षण बिना एक्कासी केही दिन वा साताको अन्तरालमा पनि मिर्गौला काम गर्न छोड्ने हुन सक्छ । यस विकासको खराबीलाई एक्युट रेनलफेलर भनिन्छ । झाडापखाला, हैजा जस्ता बिरामीको अत्यधिक मात्रामा शरीर सुक्खा भएमा, धेरै रगत खेर गएमा, मिर्गौलाको सङ्क्रमण, क्यान्सर, रगतको खराबी तथा मिर्गौलाको पत्थरी जस्ता समस्याले मिर्गौलाले काम नगर्ने हुन सक्छ । यस्ता समस्याको समयमा नै निदान हुन सक्यो भने



मृगौला बचाउन सकिन्छ । एक्युट रेनल फेलर भएका मध्ये ५० देखि ७० प्रतिशत बिरामीको मृत्यु हुन सक्छ । लामो समयसम्म रहेको रक्तअल्पता उच्च रक्तचाप, हर्मोनहरुको असन्तुलन, बारम्बार पिसाबको सङ्क्रमण भइरहनु वा त्यसको उपचार राम्ररी नगर्नु, स-साना पत्थरी रहनु तथा पेटका खराबीले मिर्गौलालाई नराम्रो असर गर्दछ ।

मिर्गौलालाई रगत पुऱ्याउने धमनीको सङ्कुचन हुनु, रगतको खराबी हुनु, मिर्गौलाको क्षयरोग, पिसाब थैलीको खराबी आदि जुनसुकै समस्याले धेरै लामो समयसम्म ग्रसित बिरामीको मिर्गौला काम नलाग्ने भएका चाहिँ राम्रो बनाउन सकिँदैन । सामान्यतयाः मिर्गौला खराब हुँदा खानामा रुचि घट्दै जाने, चाँडै थकाइ लाग्ने, राति बढी (दुई पटकभन्दा बढी) पिसाब हुने, पिसाब गर्दा पोल्ने, रातो, गाढा वा फिँजयुक्त हुने, पिसावको मात्रा घट्दै जाने, वाकवाक लाग्ने, जिउ चिलाउने, बिहान उठ्दा मुख फुल्ने र सुन्निँदै जाने, गोरो मानिस कालो हुँदै जाने लक्षणहरू देखा पर्दछन् । यस्ता लक्षणहरू अन्य थुप्रै रोगहरूमा पनि देखिने भएकाले यकीन गर्न रगत परीक्षण गरी युरिया र क्रियाटिनिन बढे नबढेको हेर्नु पर्दछ ।

शरीरमा रोग बढाउने रोगका उपनामले चिनिने मिर्गौला रोगहरूबाट मिर्गौलाको क्षति अन्तिम अवस्थामा पुग्दा उपचार नभए मुटुमा र हड्डीमा भिटामिन डी र क्याल्सियमको कमीले हड्डी दुख्ने, सुन्निने र नरम हुन्छ, करङ, कम्मर र अन्य स्थानका हड्डीहरू भाँच्चिने सम्भावना रहन्छ । तर, हाम्रो विडम्बना मिर्गौला असफल भएको मिर्गौलाको कार्य क्षमता ७० प्रतिशतभन्दा बढी नष्ट हुँदा पनि थाहा पाउन र अनुभव गर्न सकिँदैन र रोगको लक्षण नदेखिँदै उपचार खोज्ने कुरा पनि भएन जसका लागि नियमित जाँच नै आवश्यक छ । मिर्गौलाको कार्यक्षमता ५० प्रतिशतबाट घटेर १० प्रतिशतसम्म झरेको अवस्थालाई क्रमशः प्रारम्भिक, मध्यम र अन्तिम चरणको खराबीको रुपमा लिइन्छ ।

सामान्य व्यक्तिभन्दा मिर्गौला रोगीमा मधुमेह उच्च रक्तचाप र मुटु तथा रक्तनली सम्बन्धी समस्या गाँसिएमा मृत्यु हुने सम्भावना १० गुणाभन्दा बढी हुने भएकोले मिर्गौला बेकम्मा हुनुभन्दा पहिले नै हृदयाघातबाट व्यक्तिको मृत्यु हुने सम्भावना रहन्छ । मिर्गौला रोगका कारण मुटु सम्बन्धी रोगको चपेटामा पर्ने व्यक्ति करिब एक करोड २० लाख छन् विश्वमा । १०-२५ प्रतिशत मधुमेहीमा मिर्गौला रोग देखिने गरेको छ भने मिर्गौला बेकम्मा हुनेहरूमा ४४ प्रतिशत मधुमेह र २८ प्रतिशत उच्च रक्तचापको कारणले देखिएको छ ।

शरीरमा रगत सफा गर्ने फिल्टरको मुख्य काम गरिरहेको मिर्गौला अस्वस्थ भएमा रगतमा विषालु पदार्थहरू जम्मा भई रगतबाट शरीरभरि विचरण गरी सबै अङ्गमा नकारात्मक असरहरू उत्पन्न गर्दछ । मिर्गौला रोगी भएको १-२ वर्षदेखि दशौं वर्षसम्म पनि लक्षण नदेखिई चलिरहन सक्छ र जब मिर्गौलाले २०-३० प्रतिशतसम्म मात्र काम गरिरहेको हुन्छ, तब लक्षणहरू देखिन्छन् । तर, यसबेला थप बिग्रन नदिन उपचार मात्र गर्न सकिन्छ, रोग निको भने पार्न सकिँदैन । दुबै मिर्गौलाले काम गर्न छोडी मिर्गौला बेकम्मा भई पीडितहरू केवल दुई वटा विकल्पमा बाँच्न बाध्य हुन्छन् या त कृत्रिम तरिकाले रगत सफा गर्ने पद्दति डायलाइसिस वा नजिकको रगतको नातेदारको मेल खाने स्वस्थ मिर्गौला प्रत्यारोपण ।

**उपचार के हुन सक्छ ?**

नियमित स्वास्थ्य परीक्षण, औषधि सेवन र खानपिनमा ध्यान दिँदा पनि समस्या नियन्त्रणमा आउने गर्दछ । प्रोटिन बढी हुने माछा, मासु, गेडागुडी जस्ता खानेकुरा पानी र झोलपदार्थ चिकित्सकले तोकिदिए अनुसार खानु पर्दछ । यदि मिर्गौलाको कार्यक्षमता १० प्रतिशतभन्दा पनि कम हुन थाल्दछ भने नियमित रुपमा रगत सफा गर्ने हेमोडायलाइसीस, हेमोफिल्ट्रेशन र पेरीटोनीयल डाइलाइसीस वा स्वस्थ मिर्गौला राख्ने 'प्रत्यारोपण' जस्ता सघन र ठूला उपचारको आवश्यकता पर्दछ । तर, कुन विधि रोज्ने भन्ने निर्णय मिर्गौला अन्तिम अवस्थामा पुग्नेभन्दा पहिले नै गर्नु पर्दछ । जसबेला ग्लोमेरुलस भएर छानिने रगतको बेगदर एक सय २५ मिलिलिटर प्रतिमिनटबाट घटी पाँच मिलिलिटर प्रतिमिनेट मात्र हुन्छ । सन् २००८ मा मिर्गौला प्रत्यारोपण शुरु भयो र हालसम्म तीन हजारले गरेका छन् भने सन् २०१० मा जेष्ठ नागरिक, हेपाटाईटिस बीका रोगी र बिपन्न नागरिकलाई डायलासिस निःशुल्कको सुविधा प्रदान गरिएको थियो । हाल सबैका लागि हेमोडायलासिस निःशुल्क मात्र होइन, मिर्गौला प्रत्यारोपण समेत निःशुल्क छ ।

**प्रत्यारोपण नै किन ?**

मिर्गौला प्रत्यारोपण गर्नु भनेको आफन्तको स्वस्थ मिर्गौला झिकेर बिरामीको शरीरमा राख्नु हो । प्रत्येक व्यक्तिमा हुने दुई वटा मिर्गौला मध्ये एउटैले मात्र काम गर्दा पनि मानिस स्वस्थ र जीवित रहन सक्ने भएकाले दुबै मिर्गौला बेकम्मा भएका बिरामीलाई एउटा मिर्गौला दान गरी आफू पनि नमर्ने र बिरामीलाई जीवनदान दिन सकिन्छ । प्रत्यारोपित मिर्गौलाले लामो समयसम्म काम गरिरहोस् भन्ने उद्देश्यले शुरुमा बढी मात्रामा र पछि क्रमशः घटाउँदै गएर न्यूनतम् मात्रामा औषधि लिइरहनु पर्दछ । प्रत्यारोपित मिर्गौलाले पाँच दिनमा शरीरमा जम्मा भएको विकार सफा गरी सक्दछ । प्रत्यारोपण सुविधाका लागि पनि राज्यले २०५५ सालमा मानव अङ्ग प्रत्यारोपण ऐन तथा नियमावली ल्याएको छ । मानव शरीरको अङ्ग प्रत्यारोपण (नियमित तथा निषेध) ऐन २०५५ र मृगौला प्रत्यारोपण नियमावली २०५८ ले प्रत्यारोपणको कानूनी बाटो खुला गरेको छ । कानून अनुसार प्रत्यारोपण सम्बन्धी प्रक्रिया मिलाउने र अनुमति इजाजत दिने जिम्मेदारी पाएको अङ्ग प्रत्यारोपण समन्वय समिति छ ।

प्रत्यारोपण गरिएको व्यक्तिको स्वास्थ्य र जीवनयापनको गुणस्तर डायलाइसीसको भरमा बाँच्नेको भन्दा राम्रो हुन्छ । साथै डायलाइसिस उपचार बाँचुन्जेल गराइरहनुपर्ने, धेरै खर्च लाग्ने र सबै स्थानमा सेवा उपलब्ध नहुनाले प्रत्यारोपणलाई नै सजिलो र भरपर्दो मानिन्छ । हप्तामा दुई-तीन पटकसम्म डायलाइसिस भएको ठाउँमा जानुपर्ने, जीवनको गुणस्तर न्यून हुने, बाँच्ने सरदर आयु पनि थोरै हुने, कृत्रिम रुपले रगत छान्ने काम डायलाइसिसद्वारा गरिए पनि एरिथ्रोपोइटिनको लागि जिन्दगीभर अलग्गै सुई लिनुपर्ने, वर्ष दिन डायलाइसिस गर्न लाग्ने खर्च करिब तीन लाखले मिर्गौला प्रत्यारोपण हुने (बाहिर जाँदा रु. १०-१५ लाख) र त्यसको एक तिहाई खर्चले वर्ष दिनको औषधोपचार धान्न सकिन्छ र औषधोपचार खर्चपछिका वर्षमा अझ घट्दै जान्छ । यी विभिन्न कारणहरुले संसारभरि नै मिर्गौला प्रत्यारोपण तुलनात्मक सबैभन्दा बढी गुणस्तरीय जीवन प्रदान गर्ने, सस्तो लोकप्रिय र उत्तम उपचारको विधि भएको छ । जीवित व्यक्तिबाट लिइएको मिर्गौलाले धेरै राम्रो काम गर्ने, शल्यक्रिया गर्न सजिलो हुने र मिर्गौला सुरक्षित रहन्छ ।

प्रत्यारोपण गर्न आवश्यक मिर्गौलाको कमी अहिले विश्वले भोगिरहेको छ । मिर्गौलाको आंशिक समस्या पूर्ति गर्न मृतव्यक्तिको मिर्गौला प्रत्यारोपण सबैजसो देशले अपनाएका छन् । किनभने सबै विरामीले जैविक नातेदारको मिर्गौला प्राप्त गर्न सक्दैनन् । नयाँ उपलब्धि अनुसार म्याच नखाएको मिर्गौलाको पनि विशेष उपचार (एण्टीबडी हटाउने, हल्का रेडिएसन दिने, नयाँ मोनोक्लोनल एण्टीबडी थप्ने) गरी अस्वीकार गर्ने दर पाँच प्रतिशतभन्दा कम बनाइन्छ ।

नेपालमा एकातिर गरिबी, अशिक्षा र भौतिक पूर्वाधार तथा जनशक्तिको अभाव छ त अर्कोतिर भौगोलिक विकटता, द्वन्द्वले गर्दा नागरिकहरूको स्वस्थ जीवनको लागि आवश्यक सेवा र सुविधा चुनौतीपूर्ण तथा असम्भव हुँदै आएको छ । यस्ता आवश्यकता पूर्ति गर्नका लागि सरकारी प्रयास मात्र पर्याप्त नहुने भएकाले आ-आफ्नो जीवनको लागि नागरिक आफैँ चेतनशील भई समस्या समाधानमा नलागेसम्म स-साना स्वास्थ्य समस्याले पनि जटिलता उत्पन्न गर्न सक्दछन् । त्यसकारण रोगबारे जानकारी राखौँ आफ्नो स्वास्थ्य परीक्षण गराऔँ, अरुलाई पनि परीक्षण गर्न प्रोत्साहित गरौँ, स्वस्थकर जीवनशैली अपनाउन तत्काल पाइला चालौँ र भविष्य राम्रो, स्वस्थ र सुरक्षित बनाऔँ ।

*(बुढाथोकी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता, नेपाल चिकित्सक सङ्घका केन्द्रीय उपाध्यक्ष हुन् ।)*

# राजनीतिक पुस्तान्तरण र इलाम-२ को उपनिर्वाचन



**सयोगी सृजन शर्मा**

२०८१ साल बैशाख १५ गते हुन गइरहेको इलाम- २ को निर्वाचन रोचक हुने अनुमान गरिएको छ । किनभने रबी लामिछानेले नेतृत्व गरेको पार्टीले पत्रकार मिलन लिम्बूलाई अगाडि सारेको छ । बिशेषगरी नेकपा एमालेको तर्फबाट सुहाङ नेम्बाङ, पिता सुवास नेम्वाङको बिराशतलाई निरन्तरता दिन चुनावी मैदानमा छन् । उहाँहरु दुबैको उम्मेदवारीले युवा मतदाताहरु उत्साहित छन् भने समग्र युवा अभियन्ताहरुको बुझाई राजनीतिक पार्टीहरुले युवालाई प्राथमिकतामा राखेर निर्वाचनमा पार्टीको तर्फबाट युवालाई उम्मेदवार बनाउने घोषणा गर्नु राजनीतिमा पुस्तान्तरणको संकेत हो भन्ने छ ।

नेपाली राजनीतिमा युवाको प्रभावशाली उपस्थिती र राजनीतिमा पुस्तान्तरणको अभियानको सतप्रतिशत श्रेय राष्ट्रिय स्वतन्त्र पार्टीलाई जान्छ भन्दा फरक पर्दैन । किनकि उक्त पार्टीका सबै सांसद युवा छन् । नेपाली राजनीतिमा असफल नेतृत्व, भ्रष्टाचार, नेतावाद, कृपावाद, चाप्लुसीबादको विकराल अवस्थाको अन्त्य गर्न रास्वपा स्थापना गरिएको पार्टीका सभापतिले भन्ने गरेका छन् । पुराना राजनीतिक पार्टीका केही नेता कार्यकार्ताहरुले जनतामाझ भ्रम छर्न खोजे पनि रास्वपा प्रति जनताको जनताको विश्वाश दिन प्रतिदिन बढिरहेको छ ।

राजनीतिमा युवालाई अघि सार्नु पर्ने र युवा पुस्ताले देशको नेतृत्व गर्नुपर्छ भन्ने मान्यता रास्वपाले स्थापित गरिसकेको छ । जसको फलस्वरुप रास्वपाको एजेन्डा प्राइमेरी इलेक्सन (पार्टीभित्र आन्तरिक चुनाव) नेपाली कांग्रेसले पनि अवलम्बन गर्नुपर्ने भनेर नेपाली कांग्रेसका महामन्त्री गगन थापाले सार्वजनिक कार्यक्रममा भन्ने गरेका छन् । २०७९ असारमा पार्टी स्थापना गरी छ महिनाभित्र २० जाना दिग्गज व्यक्तिहरुलाई संसदमा प्रभावशाली उपस्थिती गराउन सक्नु आफैमा राजनीतिक छलाङ हो ।

सयुक्त राज्य अमेरिकाको नागरिकता परित्याग गरी पार्टी सभापति लामिछाने आफ्नो पुरानै नागरिकतालाई निरन्तरता दिएको बिषयले तत्कालिन अवस्थामा उनले सम्हालेको गृह मन्त्रालय र सांसदको जिम्मेवारी एकै पटक खोसिए पनि




२०८० साल बैशाखमा भएको उपनिर्वाचनमा अत्याधिक बहुमतका साथ अघिल्लो चुनावभन्दा थप पाँच हजार मत चितवनबासीले लामिछानेको सत्कर्मलाई उपहार स्वरुप दिएका थिए भने संसदमा अर्को प्रभावशाली व्यक्ति अर्थविद् डा. स्वर्णिम वाग्ले तनहुँबाट बहुमतका साथ निर्वाचित भएर सांसद बनेका स्वर्णिम इतिहास रास्वपासँग छ भने बारा २ बाट भने पार्टीले पराजय भोग्नु परेको अनुभव पार्टीसँग छ । त्यसकारण रास्वपाका निम्ती अब हुने प्रतेक निर्वाचन चुनौती र अवसर दुबै हुन ।

इलाम २ मा भने रास्वपालाई चुनाव जित्न सहज छ किन भने- सुवाश नेम्वाङ जिवित हुन्थे भने उनका छोरा सुहाङ यती बेला पनि अष्ट्रेलियामै बसोबास गरिरहेका हुन्थे । यसरी हेर्दा सुहाङको नेपाली राजनीतिसँग गहिरो लगाव देखिँदैन । उता पत्रकार तथा युवा अभियन्ता मिलन लिम्बू इलाम कै माटोमा केही गर्ने अठोटका साथ स्वतन्त्र उम्मेदवारी घोषणा गर्ने साहसलाई सम्मान गर्दै रास्वपाले उनलाई पार्टीको उम्मेदवारको रुपमा अघि सारेको छ ।

रास्वपाको चुनावको पूर्व तयारी गर्ने क्रममा २०८० फागुन १९ गते रास्वपाले इलाम-२ का छ वटा भिन्नभिन्नै पालिकामा छ जना सांसद सहभागी भएर जनताको धारणा बुझी त्यस अनुरुप पार्टीको उम्मेदवार तयारी गरेको विषयलाई जनताले सम्मानका साथ स्वागत गरेका थिए । इलाम-२ मा ८० प्रतिशतको हाराहारीमा आदिबासी जनजाति समुदायको बसोबास रहेको र हाल नेकपा एमाले उक्त समुदायको पहिचान बिरोधीको रुपमा चित्रित भएका कारणले यसपाली इलाम-२ मा एमालेले चुनाव जित्ने सम्भावना कम छ ।

प्रदेश १ को नामाकरण गर्ने क्रममा किरात प्रदेश नामकरण गर्नुपर्ने आदिबासी जनजाति समुदायको मागलाई नेकपा एमाले, नेपाली कांग्रेसले बेवास्ता गरेको तितो यथार्थ सो समुदायसँग छ । त्यसकारण उनीहरुलाई चुनाव जित्न सहज छैन । तर, त्यो भन्दा धेरै नेपाली कांग्रेस, एमाले र अन्य पार्टीहरुको असफल राजनीति उनीहरुको हारको कारक बन्नेवाला छ इलाम-२ मा । नेपाली कांग्रेस र नेकपा माओवादीले हालसम्म पनि पार्टीको उम्मेदवारको नमावली सर्वाजनिक गरी नसकेको अवस्थाले सो पार्टीको राजनीतिक प्रभाव इलाम-२ मा न्यून रहेको स्पष्ट छ ।

रास्वपाले चुनावी अभियानका दौरान रास्वपाले सङ्घीयताता, पहिचानका बिषयमा भने पार्टीको धारणा स्पष्ट पार्नु पर्नेछ । पुराना राजनीतिक दलहरुले सृजना गर्ने भ्रमलाई चिर्नुपर्ने दायित्व पनि रास्वपाको नेतृत्वको रहेको छ भने उम्मेदवार मिलन लिम्बूको नेतृत्वको क्षमता प्रदर्शन गर्ने बेला पनि यही चुनाव हो । त्यसकारण आसन्न संघीय चुनावलाई रास्वपाले चुनौती र अवसर दुबै अवस्थालाई पार्टी अनुकूल बनाउन लागीपार्नु पर्नेछ ।

*(शर्मा राजनीतिक बिश्लेशक /सामाजिक अभियान्ता)*




# व्यवसायीका सफल नेतृत्वकर्ता प्रकाश

झापाको बिर्तामोडमा लामो समयदेखि सफल व्यवसायीका रुपमा आफ्नो परिचय स्थापित गर्न सफल बिर्तामोड **उद्योग वाणिज्य संघ**का अध्यक्ष **प्रकाश शिवाकोटी** सफल नेतृत्वकर्ता हुन् । विक्रम सम्वत् २०३५ साल जेठ १० गते जन्मिएका शिवाकोटीले बिर्तामोडमा २०६४ सालबाट व्यवसाय शुरु गरेका हुन् । अटो मोबाइल्स, खाद्यान्न लगायत विभिन्न व्यवसायमा सफल बनेका शिवाकोटीले बिर्तामोड उद्योग वाणिज्य संघको नेतृत्व गरिरहेका छन् । बिर्तामोड उद्योग वाणिज्य संघको सहसचिव, उपाध्यक्ष, वरिष्ठ उपाध्यक्ष हुँदै अध्यक्षमा निर्वाचित भएका शिवाकोटीले संकटको समयमा व्यवसायको सारथी बनेर आफ्नो कुशल नेतृत्व प्रस्तुत गरिसकेका छन् ।

कोरोना भाइरसका कारण विश्वव्यापीरुपमा अर्थतन्त्रमा असर परिरहेका समयमा व्यवसायलाई चलायमान बनाउनुका साथै व्यवसायीको स्वास्थ्य सुरक्षा तथा मजदुरलाई संरक्षण गर्न उनी अग्रस्थानमा खटिएका थिए । सामाजिक क्षेत्रमा पनि अग्रसर देखिएका शिवाकोटी जेसीज, रोटरी, लायन्स लगायतका विभिन्न संघ-संस्थाको पनि नेतृत्वदायी भूमिका निर्वाह गरिसकेका छन् । हक्की स्वभावका शिवाकोटी नाजायज कुरालाई सिँधै अस्वीकार गर्ने गर्छन् । मनका धनी रहेका उनी कोरोका भाइरसका कारण लकडाउनको अवस्थामा रहेका बेला गरीब, दुःखीलाई खाद्यान्न वितरण गर्नुका साथै मजदुरहरुलाई आवश्यक पारिश्रमिक दिँदै उनीहरुको संरक्षणमा उदारता देखाएका थिए । विभिन्न मठ-मन्दिर तथा विद्यालयमा समेत आफ्नो कार्यकौशल देखाइसकेका शिवाकोटीले बिर्तामोड उद्योग वाणिज्य संघको नेतृत्व सफल ढंगमा गरेका छन् ।

आफ्नो नेतृत्वका समयमा व्यवसायसँग सम्बन्धिन कुनै पनि विवाद नआएको तथा कर सम्बन्धी भएका सामान्य विवादहरुलाई आफूले सहजीकरण गर्दै समाधान गरेको शिवाकोटीको भनाइ छ । देशका विभिन्न स्थानमा चन्दा आतंक सृजना भइरहेका समयमा उनले बिर्तामोड क्षेत्रमा व्यवसायीलाई चन्दा आतंकबाट भने मुक्त गर्न सफल बने । कसैले चन्दा मागेमा त्यस समूहसँग आफैले कुरा गरेर व्यवसायीलाई संरक्षण गर्ने भूमिका उनले गरेका थिए । साथै बिर्तामोड उद्योग वाणिज्य संघको सार्वजनिक भवनका लागि पनि नेतृत्वदायी भूमिका निर्वाह गरेका शिवाकोटीले अतिथि सदनको माथिल्लो तलाको भवन निर्माणका लागि निर्माण समितिको संयोजक भएर उत्कृष्ट हल बनाउन सफल बनेका छन् । शिवाकोटीकै पहलमा हाल गिरीराजकुमारी प्रसाईको स्मृतिमा वाणिज्य संघमा स्वागत गेट निर्माण भइरहेको र उक्त गेट निर्माणको अन्तिम चरणमा पुगेको उनले बताए ।

विपद्का समयमा व्यवसायीको साथमा रहने गरेका शिवाकोटीले बिर्तामोड क्षेत्रमा देखिएका समस्या समाधान गर्न उनी अग्रसर बनेका थिए । आगलागीमा सहयोग, कोभिडका समयमा खाद्यान्न वितरण, बाढीपीडितलाई सहयोग गर्न पनि उनले महत्वपूर्ण भूमिका निर्वाह गरे । वाणिज्य संघको नेतृत्व गरेसँगै विभिन्न क्षेत्रमा भएका विपद्मा सहयोग गरेको उनको भनाइ छ । राजश्व कार्यालयले अनावश्यक दुःख दिँदा त्यसबिरुद्ध शिवाकोटी अग्रस्थानमा उभिएर व्यवसायीको पक्षमा बोल्ने गरेका थिए । उनले बिर्तामोडका व्यवसायीलाई सक्षम र जिम्मेवार बनाउने उद्देश्यले आफ्नो कार्यकालमा विभिन्न तालिम र प्रशिक्षणहरु सञ्चालन गरेको बताए । उनको पालामा कर सम्बन्धी तालिम सञ्चालन भएका थिए भने डिजिटल सफट्वेयरहरु सम्बन्धी प्रशिक्षण प्रदान गरिएको उनले बताए । व्यवसायी र कामदारबीच हुन सक्ने विवाद तथा घर मालिक र व्यवसाय सञ्चालकबीच हुन सक्ने समस्या समाधान गर्ने उद्देश्यले शिवाकोटीले नै युनिकम नेपालसँग सम्झौता गरी समस्या समाधान गर्ने छुट्टै टोली समेत गठन गरेका थिए । समस्यालाई वार्ता र संवादका माध्यमबाट समाधान गर्दै सबैले जितेको महशुस गर्ने हिसाबले आफूले काम गरेको शिवाकोटीको भनाइ छ ।

कोरोना संक्रमणका कारण ठप्प जस्तै बनेको व्यवसाय सञ्चालन गर्नका लागि बिर्तामोड उद्योग वाणिज्य संघले औद्योगिक कृषि महोत्सव आयोजना गरेर व्यवसायीलाई उत्साहित बनाएको उनको भनाइ छ । उक्त महोत्सवकै कारण धेरै व्यवसायीले आफ्नो व्यवसायलाई पुनः अगाडि बढाउन मद्दत मिलेको उनको भनाइ छ । व्यवसायबाट आएको मुनाफालाई व्यवसायी राहत कोषमा जम्मा गरेर कोष वृद्धि गर्नुका साथै कुनै पनि आपदविपद्मा व्यवसायलाई सहयोग गर्न सकिने उनको भनाइ छ । उनले फजुल खर्चलाई समेत कटौती गरेको बताए । अनावश्यक खर्चका कारण संघलाई आर्थिक व्ययभार पर्ने भएकाले अनावश्यक रुपमा गरिने खर्च कटौती गरेर संघमा जम्मा भएका रकमलाई संरक्षण गर्न आफू नेतृत्वको समितिले महत्वपूर्ण भूमिका निर्वाह गरेको शिवाकोटीको भनाइ छ ।

बिर्तामोड उद्योग वाणिज्य संघको भर्खरै सम्पन्न निर्वाचनबाट निर्वाचित भएका पदाधिकारी तथा सदस्यहरुलाई आफ्नो सधैं साथ र सहयोग रहने भन्दै शिवाकोटीले आगामी बैशाख १५ गतेभित्र पद हस्तान्तरण गर्ने बताए । बिर्तामोड क्षेत्रको सरसफाई गर्नका लागि बिर्तामोड नगरपालिका, नेपाली सेना, जनपथ प्रहरी, सशस्त्र प्रहरी तथा विभिन्न संघ-संस्थाको सहयोग र सहकार्यमा बिर्तामोड क्षेत्रमा पटक-पटक सरसफाई अभियान सञ्चालन गर्नुका साथै कैलाली उद्योग वाणिज्य संघ र बिर्तामोड उद्योग वाणिज्य संघबीच भगिनी सम्बन्ध कायम गरेको उनको भनाइ छ । आन्तरिक राजश्व कार्यालयको सहयोगमा साताव्यापी कर सम्बन्धी कार्यक्रम सञ्चालन गरेको शिवाकोटीले बताए ।

चर्को बैंकको ब्याजदरका विषयमा वाणिज्य संघले पटक-पटक विज्ञप्ती प्रकाशित गर्दै बैंकहरुको ध्यानाकर्षण गराउनुका साथै व्यवसायीका समस्या समाधानका लागि बैंक तथा वित्तीय क्षेत्रका अगुवाहरुसँग छलफल र परामर्श गर्दै विभिन्न दवाबमूलक कार्यक्रमहरु समेत आफ्नो कार्यकालमा सम्पन्न गरेको शिवाकोटीले बताए । बैंक तथा वित्तीय संस्थाले गरेको उच्च बैंक ब्याजदर र प्रतिकुल बैंकिङ नीतिबिरुद्ध मोरङ व्यापार संघले गरेको हस्ताक्षर अभियानमा समेत आफूहरुले ऐक्यबद्धता जनाएको शिवाकोटीले बताए ।

नापतौल तथा गुणस्तर कार्यालय झापाको प्राविधिक सहयोगमा नापतौलका उपकरण चेकजाँच तथा नविकरण गर्ने कार्यक्रमलाई समेत सञ्चालन गर्नुका साथै कार्यालयलाई डिजिटल सिस्टममा लानका लागि नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको समन्वयमा तालिम समेत सञ्चालन गरेको, बिर्तामोड उद्योग वाणिज्य संघ अन्तर्गत रहेको महिला उद्यमी समूहलाई सचिवालयको व्यवस्थापन गर्नुका साथै व्यवसायी दुर्घटनामा केही राहत दिने उद्देश्यले पाँच लाखको व्यवसायी राहतको स्थापना गरेको शिवाकोटीको भनाइ छ । संघको मुद्दतीलाई ५० लाख रुपैयाँ पुऱ्याएको शिवाकोटीले जानकारी दिए ।

संघीय सरकारसँग समन्वय गर्दै बिर्तामोडका व्यवसायी तथा मजदुरहरुलाई लक्षित गरी कोरोनाबिरुद्धको खोप अभियान सञ्चालन गर्नुका साथै अतिथि सदनको रेखदेखका लागि सदन कम्पाउण्डभित्र सीसी क्यामेरा समेत जडान गरेको उनले बताए । कोरोना महामारीमा अग्रस्थानमा रहेर काम गर्ने सुरक्षा निकायलाई मास्क वितरण गर्नुका साथै विभिन्न सचेतनामूलक कार्यक्रम समेत गरेको शिवाकोटीको भनाइ छ । साथै एकका लागि एक अभियान अन्तर्गत बिर्तामोड उद्योग वाणिज्य संघद्वारा पाँच थान अक्सिजन सिलिण्डर हस्तान्तरण गरेको शिवाकोटीले बताए । कृषिथोक उत्तर नगरपालिकाको स्वामित्वमा रहेको जग्गामा व्यवसायी गरी बस्ने व्यवसायीलाई विद्युत मिटर जडानका लागि नगरपालिकाले सिफारिस नदिएको विषयमा नगरपालिकामा ज्ञापनपत्र बुझाउनुका साथै चरणबद्ध आन्दोलन गरेर व्यवसायीको माग बमोजिम विद्युत मिटर समेत जडान गर्न सफल भएको शिवाकोटीको भनाइ छ ।

फोहोरमैला व्यवस्थापनमा लगाइएको करका सम्बन्धमा आवश्यक समन्वय गर्नुका साथै करका विषयमा आन्तरिक राजश्व कार्यालयसँग विभिन्न चरणमा छलफल गरेको बताइएको छ । बढ्दो चोरीका घटना न्यूनीकरणका लागि बिलबिजक बिना कुनै पनि सामग्री खरिदबिक्री नगर्न व्यवसायीलाई सचेत गराउनुका साथै बिर्तामोड क्षेत्रको सुरक्षाका विषयमा स्थानीय प्रशासनलाई जानकारी गराउँदै स्थानीय प्रशासनसँगको समन्वयनमा व्यवसायीको सुरक्षाका लागि आफूले पहल गरेको शिवाकोटीले बताए । बैंक तथा वित्तीय संस्थाका साथै अस्वभाविक भाडा वृद्धि गरिएका गुनासोहरुलाई सम्बोधन गर्नका लागि घरधनीहरुलाई वाणिज्य संघले अप्ठ्यारो परिस्थितिका समयमा समन्वय गरिदिन आग्रह गर्नुका साथै कृषिथोक उत्तर बुधबारे हटियामा रहेका व्यवसायीलाई उचित स्थानको व्यवस्था गरेर मात्र कम्प्लेक्स निर्माणका लागि अनुरोधसहित विज्ञप्ति मार्फत स्थानीय सरकारको ध्यानाकर्षण समेत आफू नेतृत्वको संघले गराएको शिवाकोटीको भनाइ छ ।

उनले केही व्यवसायीहरुलाई आफूहरु कै पहलमा विभिन्न क्षेत्रमा स्थानान्तरण गर्नका लागि सहयोग गरेको बताए । व्यवसायीको पक्षमा आफूले विभिन्न काम गर्नुका साथै यस क्षेत्रको विकास तथा व्यवसाय प्रबर्द्धनका लागि विभिन्न निकायसँग छलफल, अन्तरक्रिया तथा बहसहरु सञ्चालन गरेको उनको भनाइ छ । बिर्तामोडसँगै जिल्लाका विभिन्न स्थानमा आएर सफल नेतृत्व गरेका प्रहरी अधिकृत तथा राजश्व कार्यालयका प्रमुखहरुको स्वागत तथा विदाइ कार्यक्रममा समेत बिर्तामोड उद्योग वाणिज्य संघले नेतृत्वदायी भूमिका निर्वाह गरेको शिवाकोटीले बताए । व्यवसायमा आबद्ध भएकाले आफू नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशको सदस्यका रुपमा जिम्मेवारी बहन गरिसकेको जानकारी दिए । उनले अझै पनि आफू व्यवसायीका हरेक समस्यालाई समाधान गर्नका लागि पहल गर्दै अगाडि बढ्ने प्रतिबद्धता जनाए ।

# सकारात्मक सोचको विकासमा प्रभाव विषयक अन्तरक्रिया

**चकचकी, चैत १९।** बाह्रदशी गाउँपालिकामा ‘सकरात्मक सोचको विकासमा प्रभाव’ बिषयक अन्तरक्रियात्मक कार्यक्रम शुरु भएको छ ।

बाह्रदशी गाउँपालिकाको आर्थिक सहयोग र नारी सञ्चार गृह झापाको आयोजना शुरु भएको कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष शान्ता शिवाकोटी खरेलको प्रमुख आतिथ्यमा रहेको थियो ।

नारी सञ्चार गृह झापाकी अध्यक्ष रेजिना गौतमको अध्यक्षता तथा गाउँपालिकाकी उपाध्यक्ष शिवाकोटीको प्रमुख आतिथ्यमा सम्पन्न उद्घाटन कार्यक्रममा प्रमुख अतिथि शिवाकोटीले सिमित स्रोतसाधन अनि जनताका असिमित आशा र अपेक्षालाई जनचाहना अनुसार व्यवस्थापन गर्न कठिन भएको बताइन् ।

कार्यक्रममा बाह्रदशी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत जनार्दन निरौलाले पालिकाको सेवा प्रवाहका क्रममा केही समस्या वा कमी-कमजोरी भए खुलेर आफ्ना कुरा राख्न आग्रह गर्दै कुनै पनि जिज्ञासा र प्रश्नका बारेमा जवाफदेही रहने स्पष्ट पारे ।

गाउँपालिकाका सात वटै वडाबाट ४० जनाभन्दा बढीको सहभागिता रहेको कार्यक्रमको सहजीकरण बरिष्ठ पत्रकार लेखक, नेपाली मौलिक खानाको परिकारका खोजकर्ता केदार शर्माले गरिरहेको जोस्ना श्रेष्ठले जानकारी दिइन् ।

आयोजक संस्थाकी सचिव मायामितु न्यौपानेले सञ्चालन गरेको कार्यक्रमको औचित्य माथि प्रकाश तथा स्वागत संस्थाकी निवर्तमान अध्यक्ष भीमा शिवाकोटीले गरेको सञ्जु शिवाकोटीले जानकारी दिइन् ।

कार्यक्रममा आयोजक संस्थाकी पूर्व अध्यक्ष अम्बिका भण्डारी लगायतको आतिथ्य रहेको थियो । तालिममा सहजकर्ता शर्माले निराशाबीच पनि आफैंले सोचेर हेर्न सक्दा आशा गर्ने ठाउँहरु प्रशस्तै रहेको उल्लेख गर्दै समाजमा भइरहेका विकास निर्माणका चरण, विश्व परिवेशको विकास र वर्तमान परिप्रेक्ष्य, अवसर र समाजको सोचाई, भोगाईका राम्रा नराम्रा पाटो लगायतका परम्परा र विकासको चेत, समाजको विविधता, सोचको विविधताबारे जानकारी गराएका थिए ।


**बराल ट्याक्सी सर्भिस**

**दमक-बिर्तामोड-जितपुर-मंगलबारे**
**दैनिक सेवा**
**रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्**

| छुट्ने समय | सम्पर्क (चालक) | |
|---|---|---|
| | सन्तोष | जीवन कार्की |
| दमकबाट : बिहान ६ बजे | ९८०६०१८१७४ | ९८१६९४०१७३ |
| बिर्तामोडबाट : बिहान ७ बजे | ९८४०३८७६७५ | मे १ ज १६७० |
| मंगलबारेबाट : दिउसो १२ बजे | | |

**हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार**

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**

यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ ।

**सम्पर्क :**
९८०४९५४४००, ९८६६२४२४६६
अर्जुनधारा नगरपालिका- ४, झापा

**सेफ्टी ट्यांकी चाहिएमा**

अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा **खुशी सेफ्टी ट्यांकी**लाई सम्पर्क गर्नुहोस् । *सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ ।*





सम्पर्क : ९८१४९१७७११ /९८४२७३३६१२ /९८४२०७०५८६ /९७४२३१०३२८

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



**ताप्लेजुङ पाथीभरा काउन्टर**
मो. ९८०३२५०४७२, ९८०१३६४०९३


**मेचीनगर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
इटाभट्टा, झापा
कोशी प्रदेश, नेपाल

**घर नक्सा पासका लागि साँध-सँधियारका नाममा जारी गरिएको १५ दिने सूचना**

मेचीनगर नगरपालिका वडा नं. १० बस्ने श्री भगी माया सार्कीले निजको नाममा दर्ता रहेको साविक मेनपा-२ हाल मेचीनगर-१० स्थित बुद्धशान्ति टोल ग्राभेल मार्गमा पर्ने कि.नं. १०१९ क्षेत्रफल १९५ वर्गफिट जग्गामा तपशिलमा उल्लेख भए बमोजिम पूर्व/पश्चिम/उत्तर/दक्षिण तर्फका सँधियार श्री भक्तिचन्द शर्मा/टिका माया गुरुङ्ग मिति २०८०/१२/१८ मा साँध-सँधियारको नाममा १५ दिने सूचना टाँस गर्न जाँदा नभेटिनु भएको हुँदा जारी मितिबाट १५ दिनभित्र साँध-सधियार, बाटो, नदिनाला, सार्वजनिक जग्गा, मठमन्दिर आदि कसैलाई असर पर्ने भए उजुरी गर्न यो सूचना प्रकाशित गरिएको छ । तोकिएको मितिमा कुनै किसिमको उजुर बाजुर पर्न नआएको खण्डमा तपशिलमा उल्लेख भए बमोजिमको घर नक्सा पास भई जाने व्यहोरा सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि.नं. | जग्गाको विवरण | घरको विवरण | घर जग्गा धनीका सधियारहरु |
|---|---|---|---|
| १ | साविक मेनपा-२<br>हाल मेचीनगर-१०<br>कि.नं. १०१९<br>क्षेत्रफल १९५ व.फि. | लम्बाई १२००० मि.मि.<br>चौडाई ७४७३ मि.मि.<br>उचाई ५६२१ मि.मि.<br>क्षेत्रफल ८९.६७ व.मि. | पूर्व श्री कल्याण खड्का<br>पश्चिम बाटो<br>उत्तर श्री भक्ति चन्द्र राई<br>दक्षिण श्री टिका माया गुरुङ्ग |



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइनेछ, पराक्रममा वृद्धि हुनेछ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा वृद्धि हुने, स्वास्थ्यले, भाग्यले साथ दिनेछ, थोरै पारिवारिक झमेला व्यहोर्नुपर्ने हुन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आज तपाईको आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिनेछ, ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय अनुकूल रहेको छ, नयाँ कामको प्रस्ताव आउनेछ, बोलिको भरमा अधुरो कामहरू फत्ते भएर जानेछन्, प्रशंसकहरू बढ्ने छन् ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
समय शुभ फलदायी रहेको छ, मान-प्रतिष्ठा बढेर जानेछ, लेनदेनमा विचार पुऱ्याउनुहोला, धार्मिक गतिविधि बढेर जानेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नाले मन हर्षित हुनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बोलिमा विचार पुऱ्याउनुहोला, राम्रै बोल्दा पनि नराम्रो सुनीन सक्छ, गुप्ताङ्गमा समस्या देखिन सक्छ आज सतर्क रहनुहोला ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौसला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनाले मन हर्षित रहला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
तपाईको आजको दिन मध्यम रहेको छ । दिनको शुरुवातमा मिष्ठान्न भोजन प्राप्त हुनेछ, साझपख घरमा पाहुनाको आगमन हुने देखिएको छ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, खानपानमा ध्यान पुऱ्याउनुहोला ।